मितिः २०८० फाल्गुन २० गते
समयः विहान ११:०० बजे
स्थानः सभाहल, कैलाश गाउँपालिका

आज मिति २०८० साल फाल्गुन २० गते आइतबारका दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan. |

CamScanner

| | | | |
|---|---|---|---|
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | |

**कार्यपालिका बैठकमा छलफल हुने विषयहरु:**

१. स्थानीयवासीहरुले आफ्नो घरमा अनिवार्य शौचालय निर्माण गर्ने सम्बन्धमा।

२. योजना अनुगमन, सुपरिवेक्षण तथा फरफारक कार्यविधि, २०८०

३. योजना तथा कार्यक्रम सम्झौता गर्ने अन्तिम म्याद तोक्ने सम्बन्धमा।

४. योजना तथा कार्यक्रमहरुको फरफारक अनुमोदन गर्ने सम्बन्धमा।

५. विविध।

CamScanner

## निर्णयहरु

**निर्णय नं. १** कैलाश गाउँपालिका अन्तर्गत सबै वडाहरुका स्थानीयवासीहरुको अधिकांश घरमा शौचालय निर्माण नभएको हुँदा खुला ठाउँमा शौच गर्ने बानी भएकोले सो को निराकरण गर्न गाउँपालिका तथा सम्बन्धित वडाहरुले संघसंस्थाहरुको समन्वय र सहकार्यमा जनचेतना अभिवृद्धि गर्नुका साथै शौचालय निर्माण गरी खुला ठाउँमा शौच गर्ने व्यवहारमा परिवर्तन ल्याउन शौचालय भएका घरधुरीहरुलाई **शौचालय कार्ड** वितरण गर्ने र सोको आधारमा गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह एवं सुविधासँग आवद्ध गर्ने निर्णय गरियो।

**निर्णय नं. २** गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका योजना तथा कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न गरी स्थानीयवासीलाई प्रभावकारी, गुणस्तरीय र भरपर्दो सेवा सुविधा उपलब्ध गराउन त्यस्ता योजना तथा कार्यक्रमहरुको पारदर्शी, प्रभावकारी एवं कानूनसम्मत तवरले कार्यान्वयनमा ल्याउन नियमित अनुगमन तथा सुपरिवेक्षण गरी उपभोक्ता समिति, लाभग्राही समूह एवं संघसंस्थालाई जिम्मेवार र जवाफदेही बनाउन र जाँचपास एवं फरफारक गर्ने कार्यलाई व्यवस्थित गर्न **योजना अनुगमन, सुपरिवेक्षण तथा फरफारक कार्यविधि, २०८०** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत योजना तथा कार्यक्रमहरु अन्तर्गत वडाहरुका उपभोक्ता समितिबाट कार्यान्वयन गर्नुपर्ने केही योजना तथा कार्यक्रमहरु हालसम्म पनि उपभोक्ता समिति गठन भै कार्यान्वयन प्रक्रियामा नलगिएको हुँदा योजना तथा कार्यक्रमहरु कार्यान्वयन एवं समग्र भौतिक प्रगतिमा समेत असर पर्न आएकोले त्यस्ता योजना तथा कार्यक्रमहरुको अनिवार्य रुपमा सम्बन्धित वडाहरुले **सम्वत् २०८० चैत्र ५ गतेसम्म** उपभोक्ता समिति गठन गरी गाउँपालिकामा सम्झौता लागि पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. ४** आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भई सम्पन्न भएका निम्न योजना तथा कार्यक्रमहरुको फरफारक समितिबाट फरफारक गरी भुक्तानी भै सकेको हुँदा सोको अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल:**

| सि.न. | योजना तथा कार्यक्रम | वडा नं. | मूल्यांकन रकम (रु) | विनियोजित बजेट (रु) | भुक्तानी रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जल्टार मोटरबाटो स्तरउन्नती | १० | ४४१५७८.९५ | ४००००० | ३,७९,८९८.९४ | |
| २ | एकीकृत नमुना वस्तीको रेलिङ तथा सल्याब निर्माण | १० | ५४८६०१.९१ | ५००००० | ४,७५,१४२.१५ | |
| ३ | सत्सङ भवन निर्माण (रातोडाँडा) | १० | २१९९२३.४६ | २००००० | १,९०,८२४.०० | |

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कालिकाटार, मकवानपुर बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बोटटोल खानेपानी मर्मत | २ | ३३१६५२.०२ | ३००००० | २,८५,९१८.४८ | |
| ५ | सम्पुर्ण शाखा सडक मर्मत | २ | ८६१५३४.०१ | ८००००० | ७,४६,०७४.६० | |
| ६ | खानेपानी पाईप योजना | १ | ७७६६४४.०८ | ७००००० | ६,६६,७०३.८३ | |
| ७ | बरेटार लागु आम्बोटे हुदै कुवापानी सडक सरसफाई | ९ | ४४०५६९.३४ | ४००००० | ३,७८,१४७.०० | |
| ८ | छ्याङदुङ्ग चर्च मर्मत | २ | ३३०२६२.१५ | ३००००० | २,८२,८९७.१६ | |
| ९ | रत्न ज्योती मा.वि. खुडकिलो निर्माण | १० | ३३१९८७.१० | ३००००० | २,८५,९९४.२८ | |
| १० | सामुदायिक भवन निर्माण घैराङ | ९ | ६६२७६०.३७ | ६००००० | ५,६९,०३६.४० | |
| ११ | घैराङटार कटानडाँडा सडक स्तरीकरण | ९ | ४४२९३९.३५ | ४००००० | ३,८०,३१३.२४ | |
| १२ | सामुदायिक भवन निर्माण | ५ | ४३२७२९.४३ | ४००००० | ३,७२,९३४.९० | |
| १३ | आयुर्वेद भवन मर्मत | ८ | ८०२५६.६२ | ८०००० | ७८,८६७.०० | |
| १४ | गाउँपालिका आउने बाटोमा ग्याविन जाली मर्मत | ३ | ८६२७२.०० | १००००० | ९२,८४६.०० | |
| १५ | डाडाखर्क प्रहरी चौकी भवनमा फलामे भर्याङ निर्माण | १ | ९४१५४.०० | १००००० | ९९,५१३.७९ | |
| | जम्मा रकम | | ६०८१८६४.७९ | ५५,८०,००० | ५२,८५,१११.७७ | |

## विविधः

क. यस गाउँपालिकाको वडा नं. १, २, ३, ५ र ६ नं. वडाहरुमा साविक जडित सोलार सिस्टममा समस्या आई हाल वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा समेत असर पर्न गएको भनी वडाहरुबाट प्राप्त गुनासो अनुरुप हुने वडामा सोलार व्याट्री फेर्नु पर्ने, कुनैमा वाईरिङ्ग, फिटिङ्ग तथा मर्मतसम्भार गर्नु पर्ने र कुनैमा नयाँ सिस्टम जडान गर्नुपर्ने भएको देखिएको हुँदा नेपाल

कैलाश गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

CamScanner

सरकार सशर्त बजेट अन्तर्गत नवीकरण ऊर्जा शीर्षकमा विनियोजित बजेटले लागत अनुमान बमोजिम नपुग बजेट रु ३ लाख गाउँपालिकाको भैपरी पुँजीगत शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

ख. मिति २०८०/९/१९ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार आ.व. २०७९/८० मा गाउँपालिकाको मोटरसाइकल मर्मत गरेवापत आर्थिक वर्षको अन्त्यमा पेश हुन आएको विलहरु अस्वभाविक देखिएको हुँदा सोही आर्थिक वर्षमा भुक्तानी हुन नसकी रोकिएकोले उक्त मोटरसाइकल मर्मतमा खर्च भएको हो वा होइन सोको एकीन गर्न ९ नं. वडाका वडा अध्यक्ष संयोजक भएको गठित छानविन समितिले मिति २०८०/१०/२९ गते पेश गरेको प्रतिवेदन बमोजिम श्री समुन मोटर बाईक वर्कशप र श्री विश्वकर्मा बाईक वर्कसपलाई मु.अ.कर सहित क्रमशः रु १,७८,७४२/- (अक्षरमा एक लाख अठहत्तर हजार सातसय बयालिस रुपैया मात्र) र रु ६९,९०४/- (अक्षरमा उनान्सत्तरी हजार नौसय चार रुपैया मात्र) गरी कुल जम्मा रु २,४८,३७६/- (अक्षरमा दुई लाख अट्चालिस हजार तीनसय छयात्तर रुपैया मात्र) सवारी साधन मर्मत तथा सञ्चालन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ग. कैलाश गाउँपालिका अन्तर्गत वडा नं. १, २, ३, ४, ७, ९ र १० को स्थायी वडा कार्यालय भवन हालसम्म पनि निर्माण हुन नसकेकोले वडाबाट प्रदान गरिने सेवा प्रवाह प्रभावकारी हुन नसकेको हुँदा तत्काल वडा कार्यालयहरुको भवन निर्माण गर्न आवश्यक देखिएको भएता पनि गाउँपालिकाको सीमित स्रोतले सम्भव हुने नदेखिएकोले नेपाल सरकार, सहरी विकास मन्त्रालय समक्ष उल्लिखित वडाहरुको वडा कार्यालय भवन निर्माण गर्नका लागि आवश्यक बजेट माग गर्ने निर्णय गरियो।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष